# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, कात्तिक २६ गते २०४७ साल (संख्या ३०

## भाग ३

### महालेखा परीक्षकको विभागको सूचना

महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी

(एघारौं संशोधन) नियमावली, २०४७

महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लेखापरीक्षण ऐन, २०१८ को दफा ३ को उप-दफा (२) र दफा १० को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले बनाएको देहायको नियमावलीमा श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी (एघारौं संशोधन) नियमावली, २०४७" रहेको छ ।

(२) यस नियमावलीको नियम २ मिति २०४२।५।३१ देखि, नियम ३ मिति २०४१।४।१ देखि, नियम ४, ५, ६, ७ र ८ मिति २०४५।४।१ देखि, नियम ९ र १० मिति २०४६।२।२ देखि प्रारम्भ भएको मानिनेछन् र अन्य नियमहरू तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ मा नियम २.८ थपः महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली २०१८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २.७ पछि देहायको नियम २.८ थपिएको छः–

"२.८ अस्थायी नियुक्तिसम्बन्धी व्यवस्थाः (१) कुनै पनि रिक्त स्थायी पदमा ६ महीनाभन्दा बढी अवधिको लागि अस्थायी नियुक्ति गर्न पाइने छैन ।

तर, यो उप-नियम लागू भएको मितिले २ वर्षसम्म लोक सेवा आयोगले उम्मेदवार नपाइने भनी तोकेका जिल्लाका स्थानहरूमा ६।६ महीनाको लागि दुई पटकसम्म अस्थायी नियुक्ति गर्न सकिनेछ ।

(२) उप-नियम (१) को विपरीत हुने गरी बढी अवधिको लागि अस्थायी नियुक्ति गरेमा त्यसरी अस्थायी नियुक्ति गरेको बढी अवधिमा अस्थायी कर्मचारीले पाएको तलब भत्ताको रकम त्यसरी अस्थायी नियुक्ति गर्ने अधिकारीबाट नियम १०.१ को खण्ड (४) बमोजिम विभागीय कारवाही गरी असूल गरिनेछ ।"

३. मूल नियमावलीको नियम ७.४ मा संशोधनः मूल नियमको नियम ७.४ को सट्टा देहायको नियम ७.४ राखिएको छः–

"७.४ निवृत्तभरणः २० वर्ष वा सोभन्दा बढी समयसम्म सरकारी नोकरी गरेका पदाधिकारीले देहायबमोजिमका हिसाबले मासिक निवृत्तभरण पाउने छन् ।

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

तर,

(१) महालेखा परीक्षकको विभागलाई कार्यालय वा पद नै नचाहिने भई खारेजीमा परेका वा शारीरिक अस्वस्थताको कारणले सरकारी सेवा गर्न असमर्थ भएको कुनै पदाधिकारीको सेवाको जम्मा अवधिमा पाँच वर्षसम्म थपेमा निवृत्तभरण पाउन सक्ने अवधि पुग्ने रहेछ भने त्यस्तो पदाधिकारीको जम्मा नोकरी अवधिमा निवृत्तभरण पाउने अवधि पुऱ्याउन बढीमा पाँच वर्षसम्म थपिनेछ ।

२६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस नियम अनुसार पाउने निवृत्तभरणको रकम विशिष्ट श्रेणीको माथिल्लो पदको प्रचलित तलब स्केलको शुरू तलबको आधा रकम भन्दा बढी हुने छैन र भविष्यमा सरकारी नोकरीको निमित्त साधारणतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएका पदाधिकारीले यस नियमबमोजिमको निवृत्तभरण पाउन सक्ने छैन ।

यस प्रतिवन्धात्मक वाक्यांश बमोजिमको निवृत्तभरणको हद मिति २०४६ साल जेठ २ गतेदेखि कायम रहेको मानिने छैन ।

(३) कुनै सरकारी पदमा अघि गरेको नोकरी बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि सेवाको पदमा नियुक्त भएमा निजले पछि गरेको नोकरी अवधिमा अघि गरेको अवधि जोडी यस नियमबमोजिम निवृत्तभरण लिन पाउनेछ ।

स्पष्टीकरणः यो सुविधाको प्रतिवन्धात्मक वाक्यांश (३) प्रारम्भ हुनुभन्दा अघि नै सेवाको पदमा पुनः नियुक्त भई अवकाश प्राप्त गरी सकेको पदाधिकारीले समेत पाउनेछ ।

(४) सरकारी नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, तीन पुस्ते, उमेर, जात, थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेको प्रमाणित हुन आएमा यो नियमबमोजिम निवृत्तभरण दिइने छैन । कसूर प्रमाणित हुनु अगावै खाइपाई सकेको रकम फिर्ता गर्नुपर्ने छैन ।

(५) यस नियमबमोजिम निवृत्तभरण पाइरहेको व्यक्ति श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वा श्री ५ को सरकारको नियन्त्रण भएको सङ्गठित संस्था वा श्री ५ को सरकारबाट प्राप्त अनुदानबाट सञ्चालन भएको अन्य कुनै सङ्गठित संस्थामा नियुक्त भई त्यस्तो संस्थामा बहाल रहेसम्मको अवधिभर त्यस्तो व्यक्तिले यस नियमावलीबमोजिमको निवृत्तभरण पाउने छैन ।"

४. मूल नियमावलीको नियम ७.४ क. मा संशोधनः मूल नियमावलीको नियम ७ ४ क. को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) बहालवाला पदाधिकारीको तलब वृद्धि हुँदा तलब स्केलको शुरू अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ सोही प्रतिशतको कम्तीमा दुई-तिहाइका दरले सम्बन्धित श्रेणी वा श्रेणीभित्रको तहका निवृत्त पदाधिकारीहरूको निवृत्तभरण रकम वृद्धि हुनेछ र निवृत्तभरणको न्यूनतम रकम निम्न लेखिएभन्दा कम हुने छैनः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| श्रेणी | न्यूनतम निवृत्तभरण रकम (मासिक) |
| --- | --- |
| १. उप-महालेखा परीक्षक (विशिष्ट श्रेणी) | रू. १०२५।– |
| २. वरिष्ठ नायब महालेखा परीक्षक (तह एक–रा.प. प्रथम) | रू. ८६०।– |
| ३. नायब महालेखा परीक्षक (तह दुई– रा.प. प्रथम) | रू. ७७३।– |
| ४. निर्देशक (तह एक–रा.प. द्वितीय) | रू. ५८०।– |
| ५. उप-निर्देशक (तह दुई–रा.प. द्वितीय) | रू. ५००।– |
| ६. लेखापरीक्षण अधिकारी (रा.प.तृतीय) | रू ४३३।– |
| ७. लेखापरीक्षण अधीक्षक, टाईपिष्ट (रा.प.अ. प्रथम) | रू. २७१।– |
| ८. लेखापरीक्षण निरीक्षक, टाईपिष्ट (रा.प.अ.द्वितीय) | रू. २१६।– |
| ९. टाईपिष्ट (रा.प.अ. तृतीय श्रेणी) | रू. १८१।– |
| १०. ड्राइभर | रू. १३६।– |
| ११. पियन वा सो सरह | रू. १३६।–" |

५. मूल नियमावलीको नियम ७.५ मा संशोधनः मूल नियमावलीको नियम ७.५ को उप-नियम (१क) पछि देहायको उप-नियम (१ख) थप गरिएको छः–

"(१ख) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलब स्केलको शुरू अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ उप-नियम (१) र (१क) अनुसार पारिवारिक निवृत्तभरण पाइरहेका व्यक्तिको पनि निजले खाइपाई आएको निवृत्तभरण अङ्कमा सोही प्रतिशतले कम्तीमा दुई-तिहाइका दरले वृद्धि गरिनेछ।"

६. मूल नियमावलीको नियम ७.६ मा संशोधनः मूल नियमावलीको नियम ७.६ को उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) अशक्तता बापत उप-नियम (२) मा लेखिएको निवृत्तभरणमा थप पाउने मासिक अशक्त भत्ता देहायका पदाधिकारीको शुरू तलब स्केलको देहायको प्रतिशतबमोजिम हुनेछ।

| अशक्तताको प्रतिशत | राजपत्राङ्कित विशिष्ट श्रेणी (प्रतिशतमा) | राजपत्राङ्कित प्रथम श्रेणी (प्रतिशतमा) | राजपत्राङ्कित द्वितीय श्रेणी (प्रतिशतमा) | रा.प.तृ.श्रे. र सो मुनिका सबै रा.प.अनं. श्रेणी (पियन वा सो सरह) (प्रतिशतमा) |
| --- | --- | --- | --- | --- |
| १०० | १२ | १४.५० | १४.५० | १६ |
| ९० | १०.७५ | १२.५० | १३ | १४.५० |
| ८० | ९.५० | ११ | ११.२५ | १३ |



२५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ७० | ८.२५ | ९.५० | १० | ११.५० |
| ६० | ७.५० | ८ | ८.५० | १० |
| ५० | ५.७५ | ६.५० | ७ | ८.५० |
| ४० | ४.५० | ५.५० | ६.५० | ७ |
| ३० | ३.२५ | ३.५० | ५ | ५.५० |
| २० | २ | २ | ३.५० | ५ |

स्पष्टीकरणः– (क) सयकडा २० भन्दा कम्ती अशक्तलाई अशक्त भएको मानिने छैन ।

(ख) अशक्तवृत्ति पाएका वा पाउने ठहरिएका पदाधिकारी पछि महालेखा परीक्षकको विभागको सेवा वा पदमा प्रवेश भएमा वा कायम रहेमा (नोकरीको अवधिभर) यो नियममा लेखिएको अशक्त-वृत्ति पाउने छैन ।"

७. मूल नियमावलीको नियम ७.७ मा संशोधनः मूल नियमावलीको नियम ७.७ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) कुनै पदाधिकारीको सरकारी कामको सिलसिलामा दुर्घटना परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधवा स्त्रीलाई छुट्टै आजीवन मासिक पारिवारिक वृत्तिको रूपमा नियम ७.४ क. को उप-नियम (१) अनुसारको न्यूनतम निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम र थप उपदानको रूपमा मृतक पदाधिकारीले खाइपाई आएको तलबको तीन महीनाको रकम एकमुष्ट दिइनेछ ।"

८. मूल नियमावलीको नियम ७.७ क. मा संशोधनः मूल नियमावलीको नियम ७.७ क.को,

(१) उप-नियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन्ः–

"(क) राजपत्राङ्कित पदाधिकारीको प्रत्येक सन्ततिलाई नौसय रूपैयाँ ।

(ख) राजपत्र अनङ्कित पदाधिकारीको प्रत्येक सन्ततिलाई सातसय रूपैयाँ "

(२) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) सरकारी कामको सिलसिलामा मृत्यु भएको पदाधिकारीको प्रत्येक सन्ततिलाई उप-नियम (१) बमोजिमको शैक्षिक भत्ता लगायत त्यसको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मृतक पदाधिकारीको प्रत्येक सन्ततिलाई (आमा, बाबु, दुवै जीवित नहुने) मृतक पदाधिकारी बहाल रहेको पदको शुरू तलब स्केलको देहायबमोजिमको प्रतिशतका दरले मासिक सन्ततिवृत्ति समेत दिइनेछः—

| पदाधिकारीको पद | शुरू तलबको प्रतिशत |
|---|---|
| १. उप-महालेखा परीक्षक र अन्य विशिष्ट श्रेणी | ६.५ |
| २. वरिष्ठ नायब महालेखा परीक्षक र सो सरह | ७ |
| ३. नायब महालेखा परीक्षक र सो सरह | ८ |
| ४. निर्देशक र सो सरह | १० |
| ५. उप-निर्देशक र सो सरह | १०.५ |
| ६. लेखापरीक्षण अधिकारी | १२ |
| ७. लेखापरीक्षण अधीक्षक (रा.प.अनं. प्र. श्रेणी) | १२ |
| ८. लेखापरीक्षण निरीक्षक (रा.प.अनं. द्वि. श्रेणी) | १२ |
| ९. टाईपिष्ट (रा.प.अनं. प्रथम र द्वितीय श्रेणी) | १२ |
| १०. टाईपिष्ट (रा.प.अनं. तृतीय श्रेणी) | १३ |
| ११. टेलिफोन अपरेटर (रा.प.अनं. द्वितीय श्रेणी) | १२ |
| १२. पियन | १५ |
| १३. ड्राइभर | १५ |

तर, आमा वा बाबुमध्ये कुनै एक जीवित हुने सन्ततिलाई उपर्युक्तबमोजिमको प्रतिशतले हुन आउने रकममा दश प्रतिशतका दरले हुन आउने रकम घटाई सन्ततिवृत्ति दिइनेछ।"

९. मूल नियमावलीमा नियम ८.७ थपः मूल नियमावलीको नियम ८.६ पछि देहायको नियम ८.७ थप गरिएको छः—

"८.७ कायम मुकायम मुकरर गर्न नसक्नेः (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशिष्ट श्रेणीको पद बाहेक अन्य रिक्त स्थायी पदमा एकवर्षभन्दा बढी अवधिको लागि कायम मुकायम मुकरर गर्न पाइने छैन।

(२) उप-नियम (१) विपरीत हुने गरी बढी अवधिको लागि कायम मुकायम मुकरर गरेमा त्यसरी कायम मुकायम मुकरर गरेको बढी अवधिमा सम्बन्धित कर्मचारीले पाएको तलब भत्ताको रकम त्यसरी कायम मुकायम मुकरर गर्ने अधि-



282

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारीबाट नियम १०.१ को खण्ड (३) बमोजिम विभागीय कारबाही गरी असूल उपर गरिनेछ।"

१०. मूल नियमावलीमा नियम ११.१६ क. थपः मूल नियमावलीको नियम ११.१६ पछि देहायको नियम ११.१६क. थप गरिएको छः–

"११.१६क. चेतावनीस्वरूप रकम तिराउन सक्नेः (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारीले कार्यालय सम्बन्धी काममा सावधान भई काम नगर्नाले वा अनुशासनमा नरही काम गर्नाले कुनै त्रुटी हुन गएमा त्यस्ता पदाधिकारीको मासिक तलबको एक प्रतिशतसम्मको तलब महालेखा परीक्षकले चेतावनीस्वरूप तिर्न लगाउन सक्नेछ।

(२) उप-नियम (१) बमोजिम महालेखा परीक्षकले चेतावनी दिएको अठ्चालीस घण्टाभित्र चेतावनीस्वरूपको रकम सम्बन्धित पदाधिकारीले आफ्नो कार्यालयमा बुझाउनु पर्नेछ। त्यसरी नबुझाएमा महालेखा परीक्षकको विभागले त्यस्तो रकम निजको तलबबाट कट्टा गर्नेछ। त्यस्तो रकम सञ्चित कोषमा दाखिला गरिनेछ।

(३) उप-नियम (१) बमोजिमको चेतावनी वर्षको बाह्र पटकसम्म दिन सकिने छ। यसरी पटक पटक चेतावनी पाउँदा पनि सम्बन्धित पदाधिकारीले काममा सावधानी नराखेमा निजउपर नियम १०.१ बमोजिम सजाय गरिनेछ।"

आज्ञाले,
मधुसूदन ढकाल
महालेखा परीक्षक



253

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग